# आर्थिक वर्ष २०७५/०७६ को,

# बजेट तथा कार्यक्रम

## भोटेकोशी गाउँपालिका

फुलिपिङकट्टी, सिन्धुपाल्चोक

३ नं. प्रदेश,नेपाल

## १.१ परिचय

भोटेकोशी गाउपालिकाको आर्थिक वर्ष २०७५।७६ का लागि भोटेकोशी गाउसभाद्धारा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिकीकरण समारोहका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, विषेश अतिथिज्यूहरु, उपस्थिति वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यू, गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु, पुर्व जनप्रतिनिधि ज्यूहरु, भोटेकोशी गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवँ सम्पुर्ण कर्मचारी साथीहरु, संचारकर्मी मित्रहरु, समाजसेवीज्यू साथै यस कार्यक्रमको निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनुहुने सम्पुर्ण आमा, वुवा, दाजु, भाई दिदि वहिनी लगायतसवैमा हार्दिक स्वागत एवँ आभार प्रकट गर्न चाहान्छु ।

सर्वप्रथम, नेपाल र नेपाली जनताका हित र कल्याणलाई आत्मसाथ गरि गणतन्त्र नेपाललाई यस अवस्थासम्म ल्याइ पुर्‍याउन आफ्नो जीउ ज्यानको आहुती दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात शहितहरु प्रति हार्दिक श्रदासुमन प्रकट गर्न चाहान्छु ।

### सभाध्यक्षज्यू

वि.स २०६२/६३ को दोश्रो जनआन्दोलन र त्यसैको जगमा प्राप्त नेपालको संविधानले परिकल्पना गरे अनुसार हामी आज भोटेकोशी गाउपालिकाको तेश्रो वजेट, नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित छौ । सिन्धुपाल्चोक जिल्लामा गठन भएका १२ स्थानीय तहहरु मध्ये यो गाउपालिका नेपालको उत्तरी सिमाना चिनको स्वशाशित क्षेत्र तिव्वतसंग जोडिएकोले पनि यसको आर्थिक सामाजिक एवं एतिहासिक महत्व छ । यस गाउपालिका भित्र रहेका लिस्ती मन्दिर, दुगुनागढी, भैरवकण्ड, तातोपानी धारा, एवँ कोदारी नाका लयागतका अन्य महत्वका स्थानहरुले यस गाउँपालिकाको छुट्टै महत्व दिलाएका छन साथै अधिकांश क्षेत्र कृषि, व्यापार, जलविद्युत र जडिवुटि व्यवसायको पनि प्रचुर सम्भावना बोकेको छ ।

यस गाउपालिकामा विशेष गरी हिन्दु र वौद्ध धर्मावालम्वीहरुको बसोबास रहेकोले धार्मिक सहिष्णुताको अनुपम उदारणीय छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक कालवाटै अँगाल्दै आएका छन् । काठमाडौं उपत्यकावाट नजिक रहेको भएतापनि आर्थिक सामाजिक विकासमा खासै उल्लेखनीय विकास हुन नसकेकोले हामी जनप्रतिनिधिहरुलाई यस क्षेत्रको विकासको जिम्मेवारी प्राप्त हुनु अवसरको विषय र भावी सन्ततिको लागि मार्गदर्शन हुने आशा लिएका छौ । उत्तरी नाका सँचालन यसै गाउपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको थियो । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उत्तम स्थानहरु रहेका छन् । नवगठित गाउपालिका भएकोले यसलाई एक सक्षम गाउपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र जनप्रतिनिधिको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरिकावाट लाग्नु पर्ने आवश्यकता पनि रहेको छ ।

यस गाउपालिकाले क्रमशः यस क्षेत्रको समग्र विकासका पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढनु जरुरी छ । यसैक्रममा स्थानीय नागरिकहरुको सक्रिय सहभागितामा आर्थिक वर्ष २०७५/७६ को लागि वडा भेला सम्पन्न गरी सो को जगमा वार्षिक वजेट तथा कार्यक्रम तयार गरी तेश्रो गाउँसभा सम्पन्न गरेका छौ ।

# १.२. गाउँपालिकाको समग्र विश्लेशण

## १.२.१. गाउँपालिकाको सवल पक्ष

- निर्वाचन सफलता पूर्वक सम्पन्न भै जनप्रतिनिधिहरु वहाल भई आ आफ्नो कार्यक्षेत्रमा अहोरात्र खटिएको अवस्था विद्यमान छ ।
- व्यापारिक नाकाको चिनारीको रुपमा रहेको भोटेकोशी वजारको नामबाट समग्र गाउपालिकाको नाम बनेका कारणले सवै वडाहरुले अपनत्व महशुस गरेको अवस्था छ ।
- भैरव कुण्ड, तातोपानी धारा, लिस्तीमाई मन्दिर दुगुनागढी, वन्जीजम्प जस्ता क्षेत्रमा आउने पर्यटकहरुलाइ आकर्षण गर्न सकिने सम्भावना यस गाउँपालिकामा रहेको छ ।
- जलविद्युतका आयोजनाहरु संचालन हुनु, जडिवुटीको उत्पादन अधिक हुनु एवँ ढुंगा गिटि जस्ता प्राकृतिक श्रोतमा धनी भएका कारण पर्याप्त राजश्व आर्जन गर्न सकिने र विकासका लागि चाहिने सामग्री स्थानीय स्तरबाट नै सहजै प्राप्त हुने अवस्था रहेको कुरा पनि सहजै अनुमान गर्न सकिन्छ ।
- कोदारी नाका यस गाउँपालिकाको लागि विकास आधार रहेको एवँ यसै नाकाका आधारमा देश विदेशमा समेत गाउँपालिकाको पहिचान कायम भएकोले यसको सँचालन मार्फत यहाका जनताको समृद्धि साथ साथै देशकै व्यापारिक पहिचान वनाउन सकिने देखिन्छ ।

## १.२.२. गाउँपालिकाको कमजोर पक्ष

- गाउपालिका गठन भए पश्चात् पनि आम जनता, जनप्रतिनिधि र कर्मचारीमा पुरानै सोच कायम रहेको पाईएको छ । जसले सिँहदरवारको अधिकार गाउमा आएको जनतालाई महसुस गराउनु कठिन रहेको छ ।
- आफूले तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व समयमा नै बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास नभएको अवस्था विद्यमान छ ।
- नेपाल र चिन जोड्ने महत्वपुर्ण नाका यस गाउँपालिकामा रहेको तर भुकम्प, वाढी पहिरोवाट भएको क्षतिलाई पुर्नजिवित पार्न नसकिएको अवस्था छ । जसलाई भोटेकोशी गाउपालिका र नेपाल सरकारले विषेश कार्ययोजनाका साथ अघि वढ्ने लक्ष्य लिएको छ ।
- गाउकार्यपालिकाको कार्यालयमा जनशक्तिको कमी रहेका कारण जनतामा उचित समयमा उचित सेवा उपलब्ध गराउन सकिएको छैन ।
- यस गाउपालिकाका अधिकांश व्यक्तिहरुको काठमाण्डौ उपत्यकामा समेत वसोवास रहेको र गाउमा हुने विकास निर्माणका कार्यहरुमा उनीहरुलाइ थोरै समय मात्र परिचालन गर्न सकिएको छैन ।

### १.२.३. गाउँपालिकाको लागि प्राप्त अवसरहरु

- यस गाउपालिकामा विकास निर्माणका कामहरु खासै नभएको कारण व्यवस्थित तथा आकर्षक ढङ्गबाट विकास गर्न सकिने सँभावना रहेको छ ।
- प्राकृतिक श्रोतहरु अधिक रहेको कारण सोको व्यवस्थित तवरले उपभोग गर्न सकिने सँभावना रहेको छ ।
- कोदारी नाका सँचालनका अवस्थामा स्थानीय जनतामा रोजगारीको पर्याप्त अवसर उपलब्ध हुन सक्ने र स्वयं रोजगारी सृजना हुने अवसर समेत रहने हुनाले गरिवी न्युनिकरणमा उल्लेख्य योगदान गर्न सकिने देखिन्छ ।
- शेर्पा, तामाङ, नेवार,ब्राह्मण क्षेत्री, दलित एवँ लोपोन्मुख जात जातिहरु रहेको यस क्षेत्रलाइ सांस्कृतिक धरोहरको रुपमा विकास गर्न सकिने अवस्था रहेको छ ।

### १.२.४. गाउँपालिकाको लागि रहेका चूनौतीहरु

- कठिन भुगोलमा छरीएको वस्तीलाइ एकीकृत वस्तीमा रुपान्तरण गर्नु ठुलो चुनौती रहेको छ ।
- कर कम तिर्ने र कर नै नतिर्ने मानसिकता र बढी आन्तरिक श्रोत परिचालन गर्नुपर्न वाध्यतालाइ संयोजन गर्नु अर्को महत्वपुर्ण चुनौती रहेको छ ।
- वीस वर्ष पछि भएको स्थानीय निर्वाचन मार्फत जनताका आकासिएका आकांक्षा र सीमित श्रोत साधनलाइ तादाम्यता गर्नु पनि चुनौती रहेको छ
- देशको राजनैतिक संस्कार र भोटेकोशी गाउपालिकामा क्रियाशिल राजनीतिक दलहरुको तालमेल मिलाउनु आफैमा चुनौतीपुर्ण छ ।
- भएको प्राकृतिक श्रोत साधनहरुको पहिचान गरी उपरोक्त श्रोतहरुको परीचालन गर्ने अधिकार र क्षमता गाउपालिकाले तयार गर्नु पनि अर्को महत्वपुर्ण चुनौती रहेको छ ।
- गाउपालिकामा विगतदेखि कुनै दिर्घकालिन योजना विना विकास निर्माणका कार्यहरु भएकोले विकास निर्माणका कार्यलाई सही दिशातर्फ लैजानु थप चुनौती रहेको छ ।
- २०७२ सालमा आएको महाभुकम्प पश्चात क्षतविक्षत भएका प्राकृतिक एवँ एतिहासिक संरचनाको पुर्ननिर्माण गर्नु, जनतालाई परिवर्तनको अनुभुति दिलाउनु पनि गाउँपालिकालाई चुनौतीको विषय वनेको छ ।

## १.३. गाउँपालिकाले योजना छनौट गर्दा गरेका प्राथमिकिकरणका आधारहरु

- ☞ आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- ☞ उत्पादनमूलक र छिटो प्रतिफल दिने कार्यक्रमहरु
- ☞ राजश्व परिचालनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।

- ☞ सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- ☞ स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु ।
- ☞ लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने कार्यक्रमहरु ।
- ☞ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- ☞ समुदायलाई विपद तथा जलवायु परिवर्तन आत्मसाथ गर्न सफल बनाउने कार्यक्रमहरु
- ☞ स्थान विशेषको संस्कृति र पहिचान प्रवद्धन गर्ने कार्यक्रमहरु
- ☞ स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## १.४. गत आर्थिक वर्ष २०७४/०७५ को समिक्षा

- ☞ जनताको स्वास्थ्य सेवालाई प्राथमिकता दिदै सबै वडामा स्वास्थ्य सामुदायिक ईकाईको स्थापना लाई जोड दिईएको ।
- ☞ भुकम्पको पिडालाई न्युनिकरण गर्नका लागि पुर्ननिर्माण कार्यमा जोड दिईइको ।
- ☞ प्रत्येक वडामा दीर्घकालिन स्थायी प्रकृतिको सडकलाई पुर्णता दिने उद्धेश्य स्वरुप प्रत्येक वडामा विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको ।
- ☞ झ्यालेभिर देखि पाङलाङ सम्म नया ट्र्याक निमाण कार्य सुचारु गरिएको ।
- ☞ चाकु देउढुङ्गा सडक निर्माण कार्यमा जोड दिईएको ।

## १. आगामी आ.व. २०७५/०७६ को नीति, बजेट तथा कार्यक्रम

### ३.१. सौंच

यस क्षेत्रमा रहेका जल, जंगल, जमीन र खानीको पुर्ण उपयोग गरी समृद्द भोटेकोशी निर्माण गर्ने ।

### ३.२. लक्ष्य

उद्योग, पर्यटन र शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र गाउपालिकाका सबै वडालाई सडक सञ्जालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारिकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

### ३.३. उदेश्य

१. रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने तर्फ विशेष पहल गरिएको छ ।

२. भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी गरिवी न्यूनकरणमाका लागि निश्चित वजेट विनियोजन गरिएको छ ।
३. आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउने तर्फ विशेष पहल गर्ने ।
४. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारिरीक अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।
५. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।

## ४ अपेक्षित उपलब्धी र विनियोजित वजेट

## पूर्वाधार विकासतर्फ

- गाउँ पालिकाको गौरवको योजना अन्तरगत ५ वटा वडामा पक्की सडक निर्माणका लागि चालु आ.व.मा सडक गुरुयोजना तयार गरिएकोले उक्त सडकहरुमा पर्याप्त वजेट विनियोजनका केन्द्र र प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।
- वडा विकास तर्फ वडास्तरीय योजनाहरु धेरै क्षेत्रमा थोरै बजेट विनियोजन गरि आउने गरेकाले त्यस्ता स–साना योजनाहरुलाई निरुत्साहीत गर्दै, विकास निर्माणलाई सार्थकता दिन आगामी बर्षका लागि वडा विकासतर्फ अधिकाँश रकम विनियोजन गरिएको छ ।
- भोटेकोशी गाउपालिकाको महत्वपुर्ण पुर्वाधारका रुपमा रहेको चाकु मार्मिङ देउढूँगा सकडकका लागि ३० लाख, हिन्दी वडा कार्यालय हुदै च्यामडाडा सडकका लागि ११ लाख, दुगुना दिमिथाङ सडक स्तरोन्नतिका लागि रु १३ लाख, तामाङ गाउ कोदारी भैरव कुण्ड सडकका लागि रु २७ लाख, पाऊ गुम्वा नया निर्माणका लागि रु २५ लाख, सेम्वुङ सावुरपानी दधिलेडाडा घिप्चे मोटरवाटो निर्माणका लागि २० लाख रकम विनियोजन गरिएको छ ।
- भोटेकोशी गाउपालिकाको प्रत्येक गाउँ सडक सञ्जाल पुर्‍याउने लक्ष्य अनुरुप राजमार्गबाट प्रत्येक वडा केन्द्र जोड्ने सडक का लागि रकम विनियोजित गरिएको छ ।
- हाल सँचालनमा रहेका अरनिको राजमार्ग देखि प्रत्येक वडा कार्यालय सम्म पुग्ने मोटरवाटो निर्माण एवँ स्तरोन्नतीका लागि पनि आवश्यक रकम विनियोजन गरेको छ ।
- पुर्वाधार तर्फ अन्य योजनाहरु अनुसुचिमा उल्लेख भए वमोजिम रहेका छन जुन गाउँवासी माझ पुस्तकको रुपमा उपलब्ध गराईनेछ ।

### आर्थिक विकास

- आन्तरिक तथा बाह्य पर्यटन विकास गर्न, सडक गुरुयोजना निर्माण गर्न एवँ अन्य महत्वका क्षेत्रको गुरुयोजना निर्माण गर्ने लक्ष्य अनुरुप रु २० लाख रकम विनियोजन गरिएको छ ।

- कृषि उत्पादन वृद्धि गर्ने उद्धेश्य स्वरुप स्याउ, कफी लगायतका कार्यक्रम सँचालन गर्नका लागि आवश्यक मात्रामा रकम विनियोजन गरिएको छ साथै समग्र आर्थिक विकासका लागि ५ वडामा कुल ४२,३३,०००। रुपैया वजेट विनियोजन गरिएको छ ।

**सामाजिक विकास तर्फ**

- भोटेकोशी गाउपालिकाले शिक्षा स्वास्थ्य,कृषि पशु एवँ लक्षित वर्ग लगायतलाई प्राथकिता दिदै सामाजिक विकासका क्षेत्रमा करीव १ करोड २१ लाख रकम विनियोजन गरिएको छ ।
- सबै बालबालिका विद्यालयमा भर्ना भएको, बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाई स्तर सुधार भएको हुने, सहज माध्यमिक तथा उच्च शिक्षा र कृषि तथा प्राविधिक शिक्षा प्रवर्द्धन भएको हुने अपेक्षा राखिएको छ । सो को लागि शिक्षा क्षेत्रमा गाउँपालिकावाट नै करीव ६० लाख र वडा स्तरिय योजनावाट समेत थप रकम विनियोजन गरिएको छ ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नु नैसर्गिक अधिकार रहेको हुनाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदै वडावाट विनियोजित रकमका अतिरिक्त औषधी व्यवस्था का लागि रु १० लाख रकम विनियोजन गरिएको छ साथै कृषि क्षेत्रलाई व्यवस्थित वनाउनका लागि पनि आवश्यक जोड दिईएको छ ।
- गाउँपालिका भित्र रहेको विद्युतीकरणको अभावलाई पुर्ति गर्न नेपाल सरकार, प्रदेश सरकार र नेपाल विद्युत प्राधिकरण लगायतका निकायसँग आवश्यक सहकार्य गरि विद्युतिकरणको अभावलाई परिपुर्ति गर्नै लक्ष्य लिईएको छ । साथै विद्यमान अवस्थामा रहेका काठे पोललाई विस्थापन गरि फलाम पोल राख्ने व्यवस्था मिलाउन गाउँपालिका र अन्य साझेदार सँस्था विच सहकार्य गरि उक्त कार्यलाई व्यवस्थित वनाईनेछ र वैकल्पिक उर्जा प्रवर्द्धनमा पनि जोड दिईनेछ ।
- खानेपानी समस्या परेको समुदायको घर घरमा स्वच्छ खानेपानी सुविधा पुर्‍याउने गाउ पालिकाको सोच उक्त सुविधा पुर्‍याउनका लागि पनि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**बन वातावरण तथा विपद व्यवस्थापन**

- बनजंगल संरक्षण गर्दै  जडिबुटी उत्पादन एवं बजरिकरण गर्ने लक्ष्य दिईएको छ । सो को लागि वजेट विनियोजन गरिएको छ ।

- समुदायमा विपद व्यवस्थापन तथा पूर्व तयारी योजना, ज्ञान तथा सीप विकास गर्नका लागि विपद व्यवस्थापन कोष, आकस्मिक कोषको स्थापना गरि आवश्यक रकम रकम विनियोजन गरिएको छ ।
- घर घरमा सूचना र प्रविधिको सदुपयोगका लागि गाउपालिका कार्यालयलाई सुचना प्रविधिमैत्री वनाउनमा जोड दिईएको छ ।
- घटना दर्ता प्रक्रियालाई कम्प्युटरराईज गरि अनलाईनवाट जन्म मृत्यु विवाह वसाई सराई र सम्वन्ध विच्छेद जस्ता कार्य गर्ने कार्यमा जोड दिएको छ ।।

**सभाध्यक्षज्यू,**

अव म आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु । भोटेकोशी गाउपालिकाको आगामी वर्षका लागि विनियोजन गरेको रकम मध्ये चालुमा रु ६,२९,५०,०००। पुँजीगतमा रु १३,९०,१४,०००। र सशर्त प्राप्त अनूदान रु ८,२८,९०,०००। रकम विनियोजन गरिएको छ । पुजीगत रकममा आर्थिक विकासमा रु ४२,३३,०००। सामाजिक विकासमा रु १,२१,७०,०००। पूर्वाधार विकासमा रु ७,०३,८७,०००। वन वातावरण तथा विपद व्यवस्थापनमा रु ३०,१०,०००। सँस्थागत विकास, वित्तिय जोखिम न्युनिकरण र सुशासन मा रु ९९,४४,०००। विषयगत कार्यालय तर्फ संचालन कार्यक्रमका रु १,६५,००,०००।,, विभिन्न कोषहरु सँचालनका लागि ५० लाख, सामाजिक सुरक्षा भत्ता रु ३ करोड र अन्य लागत साझेदारीमा गरिने कार्यक्रमका लागि रु २०,००,०००।, विभिन्न गुरुयोजना निर्माणका लागि २० लाख सडक वोर्ड नेपाल लागत साझेदारी २ लाख , स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ८ लाख गरेको रकम समेत गरि कुल रु कुल रकम रु ३४,१३,५४,०००। भोटेकोशी गाउपालिकाको सँचित कोषवाट खर्च गर्ने गरि विनियोजन गरेको जानकारी गराउदछु ।

**अन्त्यमा**

यस गाउपालिकाको वार्षिक वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्‍याउनुहुने सम्पुर्ण जनप्रतिनिधिज्युहरु, भोटेकोशी कार्यपालिकाका प्रमुख प्रशासकीय

अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारीज्यूहरु, लगायत प्रत्यक्ष तथा परोक्ष रुपमा सधाउ पुर्‍याउनुहुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

**धन्यवाद**

**श्री दावुटी शेर्पा (लामा)**
**उपाध्यक्ष**